उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ, नेपाल

**शर्तहरु:**

१. उल्लेखित ठेक्का २०७८ भदौ महिना देखि २०७९ असार मसान्त सम्मका लागि लागू हुनेछ।

२. इच्छुक फर्म, कम्पनी, सप्लायर्सले नवीकरण भएको सम्बन्धित विषयको कारोबार गर्ने इजाजत वा फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व २०७६।०७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित गराई दरभाउपत्र फाराम दस्तुर वापत यस कार्यालयको कृषि विकास बैंक शाखा कार्यालय, उर्लाबारीमा रहेको यस कार्यालयको ग-१-१ स्थानीय तह आन्तिरक राजश्व खाता नं. ०६०१७०११५०५९५१४८ मा नगद जम्मा गरेको बैंक भौचर सहित यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) औं दिनसम्म विद्युतिय माध्यमबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको **www.bolpatra.gov.np/egp** बाट दरभाउपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको दरभाउपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई दरभाउपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

३. दरभाउपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। जमानत वापतको रकम यस कार्यालयको ग-३ स्थानीय तह धरौटी खाता नं. ०६०१७०११५०५९५०२४ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा दरभाउपत्र नं. र नाम उल्लेख गरी ४५ दिनको म्याद सहित जारी गरिएको बिड बण्ड पेश गर्नु पर्नेछ।

४. खरिद गरेको दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, दरभाउपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ (सोह) औं दिन दिनको १२ बजे भित्र **E-BID** मार्फत दर्ता गर्नु पर्नेछ।

५. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रितपूर्वक पर्न आएका दरभाउपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि र निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै दरभाउपत्रदाता वा निजको प्रतिनिधि दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

६. ठेक्का रकमलाई किस्तामा बुझाउनका लागि पहिलो किस्ता ५०%, दोस्रो किस्ता ३०% अन्तिम किस्ता २०% गरी विभाजन गरिनेछ। यसरी किस्ता निर्धारण गरी पहिलो किस्ता सम्झौता गर्दाको बखतमा, दोस्रो किस्ता २०७८ पौष मसान्त भित्र र अन्तिम किस्ता २०७८ चैत्र मसान्त भित्र बुझाउनु पर्नेछ। दोस्रो र अन्तिम किस्ताको रकमको हकमा २०७९ असार मसान्तसम्म अवधि रहेको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ। सम्झौता गर्दाकै समयमा एकमुष्ठ रुपमा रकम बुझाउन चाहेमा कवोल अंकको १० प्रतिशत रकम छुट दिइनेछ।

७. दरभाउपत्र स्वीकृत भएको जानकारी पाएको ७ दिनभित्र कबुलियत (सात), संम्झौता गरी पट्टापुर्जी नलिएमा ठेकेदारले राखेको धरौटी जफत गरि (ईजाजत पत्र)ने छ र अन्यको हकमा प्रचलित कानून र नगरपालिकाको निर्णय अनुसार हुनेछ।

८. ठेक्का सम्बन्धमा प्रचलित कानून अनुसारको बुझाउनु पर्ने कर, दस्तुर, महशुल वापतको रकम ठेकेदार पक्षवाट सम्वन्धित कार्यालयमा ठेक्का सम्झौता गर्नु अगावै बुझाउनु पर्ने छ। किस्तामा रकम बुझाउनेको हकमा प्रत्येक किस्ता वापतको कर रकम, किस्ता रकम बुझाउनु भन्दा अगाडीनै सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ।

९. ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाले तोकी दिएको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ। प्रमाणित बाहेकका रसिदबाट कर उठाईएको उजुरी या जानकारी प्राप्त भएमा नियमानुसार कारवाही र उठाएको रकम बराबरको थप रकम जरीवाना गरिनेछ।

१०. बन्द, हड्ताल जस्ता मानव सिर्जित कारणबाट सिर्जना हुने अवस्थाको कारण कर छुट वा मिनाहा हुने छैन र कुनै पनि अभाव, प्रभाव र दबाब दिन वा गर्न पाइनेछैन।

११. एक ब्यक्ति, फर्म वा कम्पनीको नाममा खरिद गरेको दरभाउ पत्र फर्म अर्को ब्यक्ति, फर्म वा कम्पनीको नामबाट दाखिला गर्न पाइने छैन।

१२. रित नपुगेको र म्याद नाघि आएको दरभाउ पत्र माथि कुनै कार्यवाही गरिने छैन।

१३. कुनै शर्त सहितको दरभाउ पत्र स्वीकार्य हुने छैन।

१४. ठेक्का संचालन गर्दा नगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुर्याएमा सो को हर्जना अशुल गरी ठेकेदारलाई आवश्यक कारवाही हुने छ।

१५. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ।

१६. ठेक्का सम्बन्धमा कुनै किसिमको बिवाद भएमा यस कार्यालयको निर्णय अन्तिम निर्णय हुनेछ।

१७. प्रचलित कानून बमोजिम कर उठाउन नपाउने राजमार्ग, सहायक राजमार्ग र अन्य सडकहरुमा सडक पूर्वाधार सेवा शूल्क उठाउन पाईने छैन।

१८. सरकारी कार्यालय र संस्थानका सवारी साधन, कुटनीतिक नियोगका सवारी साधन, विधार्थी बोक्ने विद्यालयका सवारी साधन, एम्बुलेन्स, शव वाहन, दमकल जस्ता अत्यावश्यक सेवाका साधनहरुमा सडक पूर्वाधार सेवा शूल्क उठाउन पाईने छैन।

१९. यस न.पा मा वार्षिक सवारी कर तिरेका ठेला गाडी तथा रिक्सा, अटो रिक्सा र पावर टेलर, ई-रिक्सा/सफारीमा सडक पूर्वाधार सेवा शूल्क उठाउन पाईने छैन।

२०. यस सम्बन्धमा अन्य जानकारी लिन चाहेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

**नि.प्रमुख प्रशासकीय अधिकृत**

नि. प्रमुख प्रशासकीय अधिकृत